# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

०२९-४१२०७६, ४१२०२६
अध्यक्ष : ९८५२०५२०५८
प्र.प्र.अ. : ९८५२०८०४४४

१ नं. प्रदेश, नेपाल


प.सं. २०७७/७८
च.नं. ८२१

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७७।१०।२९)

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संसोधन २०७७) को दफा १८ बमोजिम र श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च. नं. PMEP/२५८ मिति २०७७/१०/२५ को पत्रानुसार आर्थिक बर्ष २०७८/०७९ मा यस हतुवगाढी गाउँपालिका, रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक न्यून आय भएका वा स्वरोजगार समेत नरहेका १८ वर्ष देखि ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०७७ फाल्गुन १ देखि फाल्गुन मसान्त सम्म बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफू स्थायी बसोबास गरिरहेको सम्बन्धित वडा कार्यालयमा तपसिल बमोजिमका आवश्यक कागजात संलग्न गरी सम्पूर्ण विवरण पूर्ण रुपमा अनिवार्य दर्ता गरि निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदक र परिवारमा नागरिकता प्रमाण पत्र बाहक सबै सदस्यहरुको नागरिकताको स्पष्ट बुझिने प्रतिलिपी ।
२. निवेदकको २ प्रति पासपोर्ट साइजको फोटो (निवेदन र दर्ता सूचीमा एक/एक प्रति) ।
३. परिवारमा नागरिकता प्रमाण पत्र प्राप्त नगरि सकेका सदस्यहरुको हकमा पुरा जन्म मिति उल्लेख गर्नु पर्नेछ ।
४. शैक्षिक योग्यताका प्रमाण पत्र प्रतिलिपी (उपलब्ध भएमा) ।
५. अन्य स्थानीय तहबाट नागरिकता प्रमाण पत्र हासिल गरी यस स्थानीय तहका स्थायी बासिन्दासँग विवाह गरी श्रीमानको नामबाट नागरिकता प्रमाण पत्र हासिल नगरिसकेका इच्छुक व्यक्तिहरुको हकमा विवाह दर्ता प्रतिलिपी ।
६. अन्य स्थानीय तहबाट नागरिकता प्रमाण पत्र हासिल गरी यस स्थानीय तहमा बसाईसरी आउनु भएका व्यक्तिहरुको हकमा बसाइसराईको प्रमाणपत्र प्रतिलिपी ।
७. निवेदक व्यक्तिको बैंक खाता नं. (उपलब्ध भएमा) ।
८. निवेदक व्यक्तिको मोबाइल नं. ।
९. सीप तथा अनुभवका प्रमाण पत्र प्रतिलिपी (उपलब्ध भएमा) ।
१०. बैदेशिक रोजगारीबाट फर्किएका वा श्रम स्वीकृति लिई जान नपाएकाको हकमा राहदानीको प्रतिलिपी ।
११. अघिल्लो आर्थिक वर्षमा रोजगार प्राप्त सूचीकृत बेरोजगारहरुको हकमा परिचय पत्रको प्रतिलिपी ।

रोजगार अधिकृत